सत्यमेव जयते

**भारतीय राजदूतावास**

**काठमाडौं**

भारतीय राजदूतावास, काठमाडौंले महात्मा गान्धी छात्रवृत्ति योजना (MGSS) तथा स्वर्ण जयन्ती छात्रवृत्ति योजना (GJSS) का लागि नेपालमा अध्ययनरत नेपाली विद्यार्थीहरुबाट अनलाइन आवेदन आह्वान गर्दछ।

२०८२ आश्विन २० देखि कार्तिक १६ गतेसम्म (**06.10.2025 - 02.11.2025**) वेब पोर्टल **www.goischolarship.com.np** मार्फत अनलाइन आवेदन फाराम पेश गर्न सकिनेछ। उक्त पोर्टल २०८२ कार्तिक १७ गते राति १२ (**03.11.2025, 00:00 hrs.**) बजे बन्द हुनेछ। आवेदकले २०८२ कार्तिक १६ गते राति ११:५९ (**02.11.2025, 23:59 hrs.**) बजे सम्म आफ्ना आवेदन फारामहरु बुझाउन सक्नेछन्।

| **कक्षा ११ का लागि महात्मा गान्धी छात्रवृत्ति योजना २०२५-२६** | **स्नातक कोर्षका लागि स्वर्ण जयन्ती छात्रवृत्ति योजना २०२५-२६** |
|---|---|
| **१. योग्यता**<br><br>आवेदक नेपालको कुनै पनि मान्यता प्राप्त शैक्षिक संस्थामा अध्ययनरत कक्षा ११ (डिप्लोमाको हुनुभएन) को नियमित विद्यार्थी हुनुपर्नेछ। *प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखद्वारा प्रमाणित कक्षा ११ मा विद्यार्थी अध्ययन गरिरहेको र अन्य कुनै स्रोतबाट* ***छात्रवृति प्राप्त नगरेको*** *प्रमाणपत्र अपलोड गर्नुपर्नेछ।*<br><br>आवेदकले कक्षा १० मा कम्तिमा ६० प्रतिशत अंक | **१. योग्यता**<br><br>आवेदक नेपालको कुनै पनि मान्यता प्राप्त शैक्षिक संस्थामा स्नातक तह प्रथम वर्षमा अध्ययनरत (डिप्लोमाको हुनुभएन) नियमित विद्यार्थी हुनुपर्नेछ। *प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखद्वारा प्रमाणित स्नातक तहको प्रथम वर्षमा विद्यार्थी अध्ययन गरिरहेको र अन्य कुनै स्रोतबाट* ***छात्रवृति प्राप्त नगरेको*** *प्रमाणपत्र अपलोड गर्नुपर्नेछ।* |

<table>
<tr>
<td>(Aggregate) प्राप्त गरेको हुनुपर्नेछ। कक्षा १० को लब्धाङ्क-पत्र अपलोड गर्नुपर्नेछ।</td>
<td>आवेदकले कक्षा १२ (कक्षा ११ को अंक बाहेक) मा कम्तिमा ७० प्रतिशत अंक (Aggregate) प्राप्त गरेको हुनुपर्नेछ। कक्षा १२ को लब्धाङ्क-पत्र अपलोड गर्नुपर्नेछ।<br><br>उमेरको हद: २०८३ असार १७ गतेसम्म आवेदकको उमेर १७ देखि २२ को बीचमा हुनुपर्नेछ।</td>
</tr>
<tr>
<td colspan="2">आवेदक नेपाली नागरिक हुनुपर्नेछ। आवेदकले आफ्नो र अभिभावकहरु (आमा र बुवा दुवै) को नागरिकताको प्रमाणपत्र अपलोड गर्नुपर्नेछ।<br><br>अपांगता भएका आवेदकको हकमा नेपाल सरकारका (स्थानीय/जिल्ला प्रशासन कार्यालय, आदि) अधिकारीले जारी गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ।<br><br>आवेदकको पारिवारिक वार्षिक आय ने.रु. २ लाख भन्दा कम हुनुपर्नेछ। नेपाल सरकारका ( स्थानीय/जिल्ला प्रशासन कार्यालय, आदि) अधिकारीले जारी गरेको हालैको आय प्रमाणपत्र अपलोड गर्नुपर्नेछ।</td>
</tr>
<tr>
<td>२. छात्रवृत्ति रकम तथा अवधि<br>छात्रवृत्तिका लागि छनौट भएका आवेदकहरुले वार्षिक ने.रु. २४,०००/- का दरले दुई वर्षसम्म (कक्षा ११ र १२) छात्रवृत्ति पाउनेछन्।<br><br>उक्त छात्रवृत्ति निम्न कागजातहरु पेश गरेको खण्डमा मात्र कक्षा १२ मा पनि कायम रहनेछ :<br><br>१) कक्षा ११ को लब्धाङ्क-पत्रको प्रतिलिपि ;<br><br>२) प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखले कक्षा ११ मा प्राप्त प्रतिशतका साथै कक्षा १२ मा गएको र अध्ययन जारी रहेको भनी रीतपूर्वक प्रमाणीकरण गरेको प्रमाणपत्र।</td>
<td>२. छात्रवृत्ति रकम तथा अवधि<br>छात्रवृत्तिका लागि छनौट भएका आवेदकहरुले निम्नानुसार छात्रवृत्ति रकम प्राप्त गर्नेछन्।<br>
<table>
<tr><th>कोर्ष</th><th>प्रति वर्ष छात्रवृत्ति रकम ( ने.रु.)</th><th>छात्रवृ अवधि वर्ष)</th></tr>
<tr><td>MBBS/BDS</td><td>४८,०००/-</td><td>५</td></tr>
<tr><td>B.E./B.Tech./B.Arch./</td><td>४८,०००/-</td><td>४</td></tr>
</table>
</td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| BAMS | | | |
| अन्य कोर्ष | ३६,०००/- | ३ | |

निम्न कागजातहरु पेश गरेपछि मात्र उक्त छात्रवृत्ति दोस्रो वर्ष तथा त्यस पछिका वर्षहरुका लागि कायम हुनेछ :

१) प्रत्येक वर्षको लब्धाङ्क-पत्र(हरु)को प्रतिलिपि ;

२) छनौट गरिएको कोर्षको अघिल्लो वर्ष प्राप्त भएको प्रतिशत (सेमेस्टर सिस्टमको हकमा aggregate प्रतिशत) सहित स्नातक तहको अर्को वर्ष/सेमेस्टरमा गएको र अध्ययन जारी रहेको भनी प्रधानाध्यापक वा शैक्षिक संस्थाको प्रमुखले रीतपूर्वक प्रमाणीकरण गरेको प्रमाणपत्र ।

छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुले माथि उल्लिखित कागजातहरु प्रत्येक वर्षको डिसेम्बर ३१ गते सम्म मेल आइडि "attacheedu.kathmandu@mea.gov.in" मा ईमेल मार्फत बुझाउन सक्नेछन् । छात्रवृत्तिका थप किस्ताहरु आवश्यक कागजातहरु प्राप्त गरेपछि मात्र बैंक खातामा ( छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नाममा दूतावासले खोलेको खातामा) जम्मा गरिनेछ । तोकिएको समय सीमामा कागजात प्राप्त नभएको अवस्थामा सो छात्रवृत्ति रद्द हुनेछ ।

CamScanner

**ध्यान दिनुपर्ने कुराहरुः**

१. अन्य कुनै स्रोतबाट छात्रवृत्ति प्राप्त गरेका आवेदकहरु यी छात्रवृत्ति योजनाहरुका लागि योग्य मानिने छैनन् ।

२. पोर्टलमा आवेदन पेश गर्दा आवेदकहरुले आफ्नो नाम, ठेगाना, ईमेल आइडी, सम्पर्क नम्वर, लब्धाङ्क आदि स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । साथै आवेदन अस्वीकृत हुनबाट जोगिनका लागि आवेदकहरुले पोर्टलमा स्पष्ट वा पढ्न सकिने कागजपत्रका साथै हालै खिचेको पासपोर्ट साइजको फोटो पनि अपलोड गर्नुपर्नेछ ।

३. राजदूतावासले छात्रवृत्ति सम्बन्धि सवै जानकारी एवम् सूचना (जस्तै सक्कल कागजातहरुको प्रमाणीकरण, उम्मेदवार चयन बारे जानकारी, छात्रवृत्ति रकम जम्मा गर्न वैंक खाता खोल्ने बारे, गाईडलाईनहरु, रिमाईन्डरहरु आदि) दर्ता भएका ईमेलमा मात्र पठाउने भएकाले भविष्यमा पत्राचार वा सम्पर्कका लागि आवेदकहरुले आफ्नो ईमेल ठेगाना र पासवर्ड सुरक्षित राख्नुपर्नेछ ।

४. अनलाइन आवेदन फाराम फेरी सच्याउन नमिल्ने भएकाले अनलाइन फाराम भर्नु अघि आवेदकहरुले फाराममा उल्लिखित जानकारी वा निर्देशन ध्यान दिएर पढ्न सल्लाह दिइन्छ । आवेदकहरुले 'Acknowledgement Receipt' प्राप्त भए पश्चात फाराम बुझाइसकेको सुनिश्चितता गर्नुपर्छ ।

५. आवेदन बुझाउने मितिभन्दा पछि ईमेल वा हुलाकमार्फत पठाइएको कुनै पनि कागजात स्वीकार गरिने छैन ।

६. आवेदकहरुलाई भारतीय राजदूतावास, काठमाडौंको शिक्षा प्रभागसँग मात्र अन्तरक्रिया/संवाद गर्न सल्लाह दिइन्छ ।

७. महात्मा गान्धी छात्रवृत्ति प्राप्त गर्नेहरु कक्षा ११ मा उत्तीर्ण नभएका तथा स्वर्ण जयन्ती छात्रवृत्ति प्राप्त गर्नेहरु स्नातक तहको पहिलो वर्ष र त्यसपछिका वर्षहरुमा (दुवै सेमेस्टरहरु) उत्तीर्ण नभएका, सो वर्षदेखि छात्रवृत्तिको लागि हकदार हुने छैनन् ।

८.आवेदन स्वीकार वा अस्वीकार गर्ने तथा छात्रवृत्ति जारी राख्ने वा बन्द गर्ने अधिकार भारतीय राजदूतावासमा निहित छ ।

CS CamScanner

## महत्वपूर्ण जानकारी

भारतीय राजदूतावासले सिधै आवेदकहरुबाट आएको आवेदनलाई मात्र स्वीकार गर्दछ । नेपालमा रहेका कुनै शैक्षिक परामर्शदाता वा बिचौलिया वा निकायमार्फत आएको आवेदनलाई राजदूतावासले मान्यता दिंदैन । त्यस्ता अनधिकृत निकायहरु वा व्यक्तिहरुसँग सतर्क रहन सम्पूर्ण विद्यार्थीहरुमा अनुरोध छ । त्यस्ता निकायहरु वा व्यक्तिहरुमार्फत आएको आवेदनहरु अस्वीकृत हुन सक्छन् । अनलाइन आवेदन फाराम भर्न कुनै सहायता/स्पष्टताको आवश्यकता परेमा, कृपया आफ्ना प्रश्न, जिज्ञासा (आवश्यक भएमा पूर्ण विवरण र सहायक कागजातहरु सहित) 'attacheedu.kathmandu@mea.gov.in' मा ईमेल गर्नुहोस् ।

CamScanner